नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १९ २०८२ साल साउन २४ गते शनिबार (9 Aug 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मैथिली चलचित्र : दर्शक छन्,.. ३ पृष्ठमा : दूरसञ्चारका संस्थागत ग्राहकको ... ३ पृष्ठमारुस र भारतले पुटिन...

## ठुलो परिमाणको लागुऔषध गाजा वेवारिसे अवस्थामा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

सप्तरी प्रहरीले बेबारिसे अवस्थामा रहेको ठुलो परिमाणको लागुऔषध गाँजा शुक्रबार बिहान बरामद गरेको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ पातोस्थित महादेबा टोलको चन्द्र नहरको डिलमा प्लाष्टिकले बेरिएको १७ वटा पोकाहरुमा बेबारिसे अवस्थामा गाजा बरामद परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

भारततर्फ तस्करी गर्ने तयारीमा राखिएको ३ सय ९६ किलो ९ सय ग्राम गाजा नेपाल र सशस्त्र प्रहरीको संयुक्त टोलीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिएका छन् ।

प्रहरी नायब उपरिक्षक बस्नेतका अनुसार ६ पोका सोही स्थानमा तथा ११ पोका तीन सय मिटर पश्चिम खेतमा राखिएको अवस्थामा फेला परेको हो ।

इलाका प्रहरी कार्यालय पातोका अनुसार बरामद गरिएको १७ वटा बण्डलमा रहेको ३ सय ९६ किलो गाँजा आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय कल्याणपुरलाई जिम्मा दिइएको छ ।

## भाईले बञ्चरो प्रहार गर्दा दाजुको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

राजविराज नगरपालिका वडा नं. १ निवासी ४० बर्षीय लोकेन्द्र झाको बञ्चरो प्रहारबाट मृत्यु भएको छ ।

प्रहरीका अनुसार घरायसी विवादका कारण झाका ३० बर्षीय भाई नरेन्द्रले शुक्रबार बिहान उनीमाथि बञ्चरो प्रहार गरेका थिए ।

बञ्चरो प्रहारबाट गम्भीर घाइते भएका उनको राजविराजमा प्राथमिक उपचार गराई थप उपचारका लागि विराटनगर लगिएको केहि बेरमै मृत्यु भएको सप्तरी प्रहरीका प्रबक्ता एवं डीएसपी जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

यता बञ्चरो प्रहार गर्नेको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मृत अवस्थामा पुरुष फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

राजविराज वडा नं. ६ स्थित खर्साल टोलमा शुक्रबार एक युवक मृत अवस्थामा फेला परेका छन् ।

खर्साल टोलस्थित भित्रि सडकको छेउमा नाम, थर नखुलेको अन्दाजी २८/३० वर्षिय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मागी खाई हिड्ने तराई मुलको पुरुष मृत अवस्थामा फेला परेपछी प्रहरी घटनास्थलमा पुगि थप अनुसन्धान गरिरहेको जनाएको छ ।

प्रहरीले सनाखत हुन नसकेका ती पुरुषलाई चिन्नु हुने जो कसैले पनि जिल्ला प्रहरी कार्यालय सप्तरी वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध समेत गरेको छ ।

## मधेशमा अहिले कालोपत्रे सडक र पुल निर्माणको काम तीव्र गतिमा भइरहेको छ : मुख्यमन्त्री सिंह




**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेशमा अहिले कालोपत्रे सडक र पुल निर्माणको काम तीव्र गतिमा भइरहेको बताएका छन् ।

सप्तरीको दक्षिणी बिकट क्षेत्र बोदेबर्साइन नगरपालिका र बलान बिहुल गाउँपालिकालाई जोड्ने बैरयाही-कोदरकट्टी पुलको शुक्रबार उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

"विकासको सूचकमा मधेश अझै पछि परिरहेको छ" उनले भने "संघीय सरकारबाट बजेटमा हुने कन्जुस्याइँ र संविधानअनुसार कानुन निर्माणमा भइरहेको ढिलाइका कारण प्रदेश सरकारले चुनौती व्यहोर्नु परेको छ ।"

संघीयता अघिसम्म मधेशका दुर्गम बस्तीतर्फको सडक अवस्था अत्यन्तै कमजोर रहेको स्मरण गर्दै मुख्यमन्त्री सिंहले संघीयता लागू भएको सात बर्षमा मधेशमा उल्लेख्य बिकास निर्माण भएको दाबी गरे ।

सो अवसरमा मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज यादवले पनि पछाडि परेको मधेशमा सडकसहितका पूर्वाधार विकासका लागि प्रदेश सरकार कटिबद्ध रहेको बताए ।

पुर्वाधार विकास कार्यालय सप्तरीको आयोजना र करिब ११ करोड रुपैयाँ लागतमा बिहुल नदीमा बनेको उक्त पुल सञ्चालनमा आएपछि सर्वसाधारणदेखि सबै प्रकारका सवारीसाधनको आवागमन सहज हुने भएको छ । यद्यपि, पुल बने पनि सडक कालोपत्रे नहुँदा असुबिधा भइरहेको स्थानीयवासीहरूले मुख्यमन्त्री सिंहलाई अवगत गराएका थिए ।

यस्तै मुख्यमन्त्री सिंहसहितको टोलीले प्रदेश सरकारकै बजेटमा सम्पन्न शक्तिपीठ छिन्नमस्ता मन्दिर क्षेत्रको सौन्दर्यकरण कार्यको स्थलगत अवलोकन पनि गरेको थियो ।


## करेन्ट लागेर इसरको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

सप्तरीमा करेन्ट लागेर शुक्रबार बिहान एक किसानको मृत्यु भएको छ ।

जिल्लाको रुपनी गाउँपालिका वडा नं. ३ कटैया बस्ने ४२ बर्षिय शम्भु इसरको करेन्ट लागेर घट्नास्थलमै मृत्यु भएको हो ।

सप्तरी प्रहरीका प्रबक्ता एवं डीएसपी जितेन्द्र कुमार बस्नेतले खेतमा पानी हाल्ने क्रममा इसरलाई करेन्ट लागेको जानकारी दिए ।



## सम्पादकीय

### पानी परेको बेला सावधानीपूर्वक चलाऔ सवारी

अहिले पानी पर्ने मौसम हो । यस्तो बेला सवारीसाधन दुर्घटनामा पर्न सक्ने सम्भावना बढी हुन्छ । सवारीसाधन ठोकिएर मात्र नभइकन अन्य माध्यमबाट पनि हुन सक्छ । वर्षा भइरहेको बेला बाटो असाध्य चिप्लो, हिलाम्बे तथा खाल्डाखुल्डोमा परेर सवारी दुर्घटनामा पर्न सक्ने जोखिम पनि उत्तिकै हुन्छ ।

जबसम्म हामी आफै सचेत रहदैनौं तबसम्म दुर्घटनाबाट बच्न सक्दैनौं । सप्तरी जिल्लामा दिनहुँ जसो दुई पाङ्ग्रे सवारी बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन् । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ वर्षाको समयमा सावधानीपूर्वक सवारी चलाउनु पर्छ । यसका लागि सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने सम्बन्धित व्यक्ति तथा सरोकारवाला निकाय पनि यसप्रति सचेत गर्न/गराउने तर्फ पहल गर्नु उत्तिकै आवश्यक छ ।

# मैथिली चलचित्र : दर्शक छन्, चलचित्र छैनन्

**धर्मेन्द्र झा र भेषराज कार्की**

काठमाडौं, २३ साउन (रासस) । नेपालको सांस्कृतिक र भाषिक विविधताले यहाँको चलचित्र उद्योगलाई समृद्ध बनाउने सम्भावना बोके पनि त्यसअनुसारको उपलब्धि भने प्राप्त हुन सकेको छैन । नेपाली भाषाबाहेक अन्य स्थानीय भाषामा चलचित्र निर्माणको सङ्ख्या नेपालमा निकै न्यून छ । विशेषगरी मधेस प्रदेशमा चलचित्र भवनको सङ्ख्या उल्लेख्य छ, तर स्थानीय भाषाका चलचित्र बन्न नसक्दा तिनले राम्रो व्यवसाय गर्न सकेका छैनन् । स्थानीय रूपमा बोलिने मैथिली भाषामा चलचित्र निर्माण नभएपछि अन्य भाषाका चलचित्रको दबदबा त्यहाँ पाइएको छ ।

मैथिली भाषा नेपालको दोस्रो सबैभन्दा धेरै बोलिने भाषा हो, तर सांस्कृतिक र साहित्यिक समृद्धिको बाबजुद चलचित्र निर्माण क्षेत्रमा भने यो भाषा पछाडि परेको छ । यसको कारण र सम्भावनाबारे साहित्यकार, नाट्यकर्मी र चलचित्रकर्मीहरूले विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् । साहित्यकार, कलाकार तथा गीतकार धीरेन्द्र प्रेमर्षिका अनुसार मैथिली भाषामा नेपाली वा भोजपुरीजस्तो व्यावसायिक र पूर्ण तयारीका साथ चलचित्र निर्माण भएको छैन । नेपालमै बन्ने गरेका चलचित्रहरू रहर वा सानो बजेटमा तयार हुन्छन् । मैथिली भाषाका चलचित्र निर्माणमा प्रोत्साहन देखिएको छैन ।

"केही स-साना 'भिडियो' चलचित्रहरू बनेका छन्, तर व्यावसायिक रूपमा निर्माण गरिने चलचित्र बनेका छैनन् । यहाँ आँट गरेर लगानी गर्ने लगानीकर्ताको अभाव छ । भाषा, साहित्य र समुदायप्रति दायित्व बोध गर्ने व्यक्तिहरूको कमीले मैथिली चलचित्र अगाडि बढ्न सकेको छैन," उहाँले भन्नुभयो । मैथिली भाषामा निर्माण हुने चलचित्र मिथिलाको कथा र संस्कृतिलाई समेट्दै सीमित बजेटमा तयार हुन सके बिस्तारै बजार बढ्ने र चलचित्रप्रति आकर्षण बढ्ने साहित्यकार झाले बताउनुभयो ।

तराईमा चलचित्रको बजारको सम्भावनालाई 'सस्ता जिनगी महग सेनुर' जस्ता चलचित्रले पहिले प्रस्ट्याइसेकेको पत्रकार तथा मैथिलीका प्राध्यापक श्यामसुन्दर शशीले स्मरण गर्नुभयो । उहाँका अनुसार सन् १९९९ मा प्रदर्शन भएको उक्त मैथिली चलचित्रले तराईका चलचित्र भवनमा महिनौँ प्रदर्शन भएर व्यासायिक रूपमा समेत राम्रो आर्जन गरेको थियो । चलचित्रको भाषामा उक्त समयमा उक्त चलचित्रलाई 'ब्लकबस्टर' भनिएको थियो ।

"महिनौंसम्म प्रदर्शन भएको चलचित्र हेर्न दर्शकहरू ट्याक्टर, टायर गाडा चढेर चलचित्र भवनसम्म पुगेका थिए । त्यतिबेला भारतीय ठूला चलचित्रको बजारलाई समेत यसले प्रभावित गरेको थियो । चलचित्र भवनबाट अन्य भाषाका चलचित्र विस्थापित भएका थिए तर त्यो सम्भावनाले पनि स्वदेशी चलचित्र निर्माणलाई प्रोत्साहित गर्न सकेन", मधेस आमसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष साहित्यकार श्यामसुन्दर यादवले भन्नुभयो । मुरलीधरले निर्देशन गर्नुभएको चलचित्र 'सस्ता जिनगी महग सेनुर' भारतीय कम्पनीले निर्माण गरेको भए पनि नेपालमा प्रदर्शन अधिकार निर्देशक स्वयंले लिनुभएको थियो । तर, त्यसपछिका प्रयासहरूले सफलता पाउन नसकेको उहाँको भनाइ छ ।

मिथिला क्षेत्रका चर्चित गायक रङ्गकर्मी सुनीलकुमार मल्लिकका अनुसार, "मैथिलीभाषी क्षेत्रमा मैथिली चलचित्रको बजार ठूलो छ, तर यहाँका प्राविधिक र दक्ष जनशक्ति स्थानीय स्तरमा अवसरमा उपलब्ध नहुँदा काठमाडौँ वा मुम्बईतिर पलायन हुने क्रम जारी छ । यसले मैथिली चलचित्र निर्माणमा ठूलो चुनौती थपिएको छ ।"

उहाँका अनुसार भाषा अभियन्ता, साहित्यप्रेमी वा कलाकारको प्रयास रहरमा मात्र सीमित छ । व्यावसायिक रूपमा अगाडि नबढेसम्म मैथिली चलचित्रले दर्शक तान्न सक्दैन । नाट्यकर्मी कलाकार रमेशरञ्जन झाका अनुसार विशेषगरी वीरगञ्जदेखि राजविराजसम्मको भूभागमा मैथिली भाषी समुदायको बाक्लो उपस्थिति छ । यति ठूलो बजार भएर पनि मैथिली चलचित्रको निर्माण न्यून हुनुमा आर्थिक, सामाजिक र प्राविधिक कारणहरू जिम्मेवार छन् । यद्यपि, झा मैथिली चलचित्रको भविष्यप्रति आशावादी हुनुहुन्छ ।

"केही छोटा चलचित्रहरू (लघु चलचित्र, डकुमेन्ट्री) बनेका छन्, तर ठूला व्यावसायिक चलचित्रहरू बन्न नसक्दा यहाँका प्रतिभाशाली जनशक्ति बाहिरी उद्योगमा गएर काम गरिरहेका छन् । तर, नयाँ पुस्ताले नवीन सोच र कथावस्तु लिएर आउनेछन् । वीरगञ्जदेखि जनकपुरसम्मको बजारलाई लक्षित गरी कसैले अवश्य प्रयास गर्नेछ", उहाँले भन्नुभयो ।

केही महिना पहिले प्रदर्शित भई चर्चित भएको चलचित्र 'राजागञ्ज'का कलाकार आरती मण्डलले राज्य र सम्बन्धित निकायले मैथिली चलचित्र निर्माणलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । विभिन्न भाषाभाषीका चलचित्रमार्फत नेपालभरको बजारलाई एकीकृत गर्न सकिने उहाँको बुझाइ छ । "हामीले विदेशी चलचित्रजस्तो मैथिली चलचित्रलाई हेर्न दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ अनि मात्र यसको सङ्ख्यात्मक वृद्धि गर्न सकिन्छ । अहिले पनि चलचित्रकर्मीले तराईको बजारलाई पहिचान गर्न सकेका छैनन्, जहाँ सम्भावना धेरै छन् । तर, त्यो सम्भावनालाई प्रमाणित गर्नेको कमी छ", कलाकार मण्डलले भन्नुभयो ।

मैथिली छोटा चलचित्र निर्देशन गरेर 'फिचर चलचित्र' निर्देशक बन्नुभएका पूर्णेन्दुकुमार झा केही वर्षयता 'लेबर' चलचित्रको तयारीमा जुट्नुभएको छ । प्रारम्भमा उक्त चलचित्रलाई मैथिली भाषामा तयार गर्ने घोषणा गर्नुभएका निर्देशक झा बजार अध्ययनपछि उक्त चलचित्र बहुभाषामा बनाउने निष्कर्षमा पुग्नुभयो ।

उहाँले समृद्ध भाषा र ठूलो बजार भएर पनि मैथिली चलचित्रले गति लिन नसक्नुमा आर्थिक लगानीको अभाव, वितरकको उदासीनता, प्राविधिक जनशक्तिको पलायन र हिन्दी-भोजपुरी चलचित्रको प्रभुत्व प्रमुख कारण रहेको औँल्याउनुभयो । "बजार छैन भन्ने भाष्यका कारण हामीले मैथिली चलचित्रलाई अगाडि बढाउन कठिनाइको सामना गर्नुपरेको हो । बजार बनाउनेतर्फ हाम्रो सोच विकसित हुन सकेन, त्यसकारण पनि चलचित्र निर्माणमा आकर्षण घटेको हो । यद्यपि, पछिल्लो समय नयाँ पुस्ताले गरिरहेको प्रयासले छिट्टै नयाँ समयको सुरुआत गर्छ भन्ने विश्वास छ", निर्देशक झाले भन्नुभयो, "मैथिलीमा दर्शक त छन् तर चलचित्र नै छैनन् ।"

आगामी पाँच वर्षमा नेपालसँगै भारतमा रहेका मैथिली भाषाका चलचित्रमा काम गरिरहेका चलचित्रकर्मीले परिणाम दिनेमा उहाँ विश्वस्त हुनहुन्छ । उहाँ आफैं पनि

बाँकी तीन पृष्ठमा

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०४/२०

**विषयः- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमावन्दी श्रेष्ता वमोजिम रैती नं. ८ झवर लाल देवको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे कमलपुर सा.कि.नं. ३२० को ज.वि. १-४-१४ मध्ये ०-५-५ हाल तपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. त्रिपहरिया वडा नं.८ हाल राजविराज न.पा. वडा नं. १३ बस्ने झवर लाल देवको नाति सुर्य नारायण प्रसाद देवको छोरा विजय कुमार देवको यस कार्यालयमा द.नं. २२८४४ मिति २०८१/१२/२१ गतेमा माग निवेदन परी हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/२० मा आदेश भए वमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरू कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, वाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून वमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३२० | झवरलाल देव | दिघवा | ६ख | ३५ | ०-२-११ | विजय कुमार देव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा झरीलालको न भै हाल सुर्य नारायण देवको नम्बरी हो भनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत

**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दूरसञ्चारका संस्थागत ग्राहकको साइबर सुरक्षाका लागि पहल

काठमाडौँ, २३ साउन (रासस) । दूरसञ्चार सेवाप्रदायक एनसेलले इन्टरप्राइज ग्राहकको सुरक्षालाई थप सुदृढ बनाउन साइबर सुरक्षासँग सम्बन्धित युरोपेली कम्पनी विथसेक्योरसँग साझेदारी गरेको छ । उक्त साझेदारीमार्फत एनसेल बिजनेसले नेपाली व्यवसायलाई साइबर जोखिमको खतराबाट जोगाउन भूमिका खेल्नेछ ।

एनसेलका अनुसार विथसेक्योरले इन्डप्वाइन्ट डिभाइस सुरक्षा, डिटेक्सन र रेस्पोन्स (इडिआर/एक्सडिआर), क्लाउड सुरक्षा, असुरक्षित व्यवस्थापन, इमेल सुरक्षा र चुनौतीलगायतका समस्या समाधानमा सेवा प्रवाह गर्नेछ । यसले पछिल्लो समय बढ्दो डिजिटल सेवालाई थप सुरक्षित बनाउन सहयोग गर्नेछ ।

शुक्रबार यहाँ आयोजित साइबर भिजन, २०२५ कार्यक्रममा एनसेलका प्रमुख इन्टरप्राइज बिजनेस अधिकृत डिओन एसेन्सियोले विथसेक्योरसँगको सहकार्यले व्यवसायलाई सुरक्षित बनाउन थप सहयोग पुगेको बताउनुभयो । "एनसेल बिजनेसले आफ्ना इन्टरप्राइज सेवालाई थप सुरक्षित बनाउनका लागि विथसेक्योरसँग सहकार्य गरेको हो, यसले विश्वस्तरको साइबर सुरक्षा प्रदान गर्नेछ ।"

विथसक्योरका उपाध्यक्ष पाओलो पालुम्बोले विथसेक्योर एक साइबर सुरक्षा प्रदायक कम्पनी भएको उल्लेख गर्दै एनसेलसँग दीर्घकालीन साझेदारीले नेपाली इन्टरप्राइजेजको साइबर सुरक्षामा थप सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो ।

## कोकिनसहित विदेशी महिला पक्राउ

काठमाडौँ, २३ साउन (रासस) । नेपाल प्रहरीले लागूऔषध कोकिन लुकाएर ल्याउने एक विदेशी महिलालाई पक्राउ गरेको छ ।

प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले ब्राजिलबाट कतारको दोहा हुँदै नेपाल आएर नेपालबाट भुटान जान लागेकी २१ वर्षीया एमिली मिकेल सन्तोष फरेरालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो । ब्यूरोका सहप्रवक्ता, प्रहरी नायव उपरीक्षक जीवन निरौलाले कालो रङको

बाँकी अन्तिम पृष्ठमा

### मैथिली चलचित्र...

आगामी वर्षको मजदुर दिवसमा बहुभाषा 'लेबर' निर्माण गरेर प्रदर्शन गर्ने योजनामा हुनुहुन्छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डअन्तर्गत रहेका उपसमितिमार्फत भाषाभाषीका चलचित्रलाई प्रवर्द्धन गर्ने कार्य गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले प्रवर्द्धन गर्ने सोच बनाएका छौँ । अहिले हामी ऐन निर्माणको प्रक्रियामा छौँ, आउँदो समयमा मैथिलीसहित अन्य भाषाका चलचित्र निर्माणमा ऊर्जा थपिने विश्वास छ । चलचित्र निर्माणमै कमी देखिए तापनि स्थानीय रूपमा नाटक, वृत्तचित्र निर्माण भइरहेको जानकारी पाएको छु, तर प्रोत्साहन र प्रवर्द्धन गर्ने कार्यमा बोर्ड सधैँ तत्पर छ ।"

उहाँले मैथिली भाषामा चलचित्र निर्माणको सङ्ख्या कम महसुस गरेर मैथिली चलचित्रलाई लक्षित गर्ने महोत्सवमा सहकार्यसमेत गरेको बताउनुभयो । "मैथिली भाषाको चलचित्रलगायत गतिविधि बढाउन हामीले उक्त भाषाका सर्जकसँग सहकार्य गरेर गतिविधि बढाइरहेका छौँ", अध्यक्ष डिसीले भन्नुभयो ।


सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता गजेन्द्रकुमार ठाकुरले सरकारको ध्यान कुनै भाषाभाषी विशेषभन्दा पनि समग्र नेपालमा बन्ने चलचित्रलाई नै प्रवर्द्धन गर्नेमा केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी चलचित्र उद्योगलाई बलियो बनाउन ध्यान केन्द्रित गरेर गतिविधि गरिरहेका छौँ । स्टुडियो निर्माण, चलचित्र ऐनलगायतका कार्यले भविष्यमा सबै भाषाका चलचित्रकर्मीलाई लाभान्वित बनाउँछ भन्नेमा हामी विश्वस्त छौँ । हामी समग्रमा नेपाली चलचित्र र सबै भाषामा बन्ने चलचित्रलाई नीतिगत रूपमा सुविधा पुग्ने किसिमले काम गरिरहेका छौँ ।"

केन्द्रीय चलचित्र जाँच समितिका अध्यक्षसमेत रहनुभएका मन्त्रालयका प्रवक्ता ठाकुरले आफू मन्त्रालयमा कार्यभार सम्हालेयता कुनै मैथिली भाषाका चलचित्र जाँचपासका लागि आएको स्मरण नरहेको बताउनुभयो । प्राध्यापक शशीका अनुसार, चलचित्र एक सशक्त माध्यम हो जसले भाषा र संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ, मैथिली पनि अपवाद हुन सक्दैन । उहाँले भन्नुभयो, "मैथिली चलचित्रले सांस्कृतिक पहिचानलाई विश्वव्यापी रूपमा चिनाउन सक्ने क्षमता राख्छ, तर यसका लागि सामूहिक प्रयास अपरिहार्य छ ।"

अर्का विश्लेषक मधेस आमसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष यादवको भनाइ छ, विडम्बना यो छ कि बजारको सम्भावना हुँदाहुँदै पनि प्रोत्साहनको कमीले गर्दा मैथिली चलचित्रहरू निर्माण हुन् सकेका छैनन् । त्यस्तै अर्का अध्येता कलाकार सुनील मल्लिक भन्नुहुन्छ, "चलचित्र राष्ट्रनिर्माणको माध्यम पनि हो । देशलाई एकता सूत्रमा आबद्ध गर्ने एक सशक्त माध्यम पनि हो । विविध भाषामा चलचित्र निर्माण हुन सकेनन् भने समग्र राष्ट्रनिर्माण प्रक्रियाको गति पनि ढिला हुन सक्छ । राज्यले यसका बारेमा गम्भीर भई भाषाभाषी चलचित्र निर्माणको प्रक्रियालाई प्रोत्साहित गर्नुपर्छ ।"

चलचित्र विकास बोर्डको तथ्याङ्कअनुसार २०६७ सालमा 'सजनाके अङ्गनामे सोलह सिङ्गार', विसं २०७० सालमा 'जान', २०७१ सालमा 'लभ मिथिलानगर', २०७२ सालमा 'धारक पार', २०७३ सालमा 'मधेशी पुत्र', 'सलहेस (द पिपल्स हिरो)', 'राधासँग मोहन' र 'श्री शम्भुनाथ धाम', २०७४ सालमा 'औकात', 'सजना सिनेहिया' र '२ दिल १ जान', २०७५ सालमा 'बदला आइग क', २०७६ सालमा 'छिन्नमस्ता जय सखडेश्वरी', २०७७ सालमा 'सजना के अङ्गना' र 'मधेशी पुत्र रिर्टन्स', २०७९ सालमा 'त्रास एक खौफ' र २०८० सालमा 'लेबर' नामक लघु चलचित्र तथा चलचित्र दर्ता भएका छन् । यीमध्ये केही निर्माण भए तापनि अधिकांश निर्माण हुनसकेका छैनन् ।

बोर्डको तथ्याङ्कअनुसार हाल मधेस प्रदेशमा २५ चलचित्र भवन सञ्चालनमा छन् । यी चलचित्र भवनमा स्वदेशी (नेपाली) चलचित्रको तुलनामा विदेशी (हिन्दी) भाषाका चलचित्रले बढी व्यापार गरिरहेका छन् । विशेषगरी मधेसमा मैथिली चलचित्रलाई केन्द्रित गरेर गतिविधि बढाउन सकेमा दर्शकको सङ्ख्या वृद्धि हुनाका साथै बिस्तारै लगानीकर्ता पनि आकर्षित हुने विश्वास मैथिली भाषी चलचित्रकर्मीहरूको छ । उनीहरूले मैथिली चलचित्र निर्माणलाई केवल व्यावसायिकतासँग मात्र नजोडेर भाषा र संस्कृति संरक्षणका रूपमा पनि हेर्नुपर्नेमा जोड दिएका छन् ।



भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८२/०४/२२

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७९ | अनुपलाल माझी | रामपुर जमुवा | ७क | २३ | ०-१६-१४ | चन्द्र नारायण चौधरी श्याम कुमार चौधरी | [illegible] |

प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

### रुस र भारतले पुटिन-मोदी वार्ताका लागि मिति तय गर्ने : मिडिया

मस्को, २३ साउन (रासस/सिन्ह्वा) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको नयाँ वार्ताको समय निर्धारण गर्न मस्को र नयाँदिल्लीका लागि महत्त्वपूर्ण रहेको रूसी सुरक्षा परिषद्का सचिव सर्गेई शोइगुले उद्धृत गर्दै तासले बिहीबार रिपोर्ट गरेको छ ।

"हाम्रा देशहरूबीच विश्वासमा आधारित बहु-स्तरीय राजनीतिक संवादले प्रभावकारी रूपमा काम गरिरहेको छ", शोइगुले बिहीबार भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँगको बैठकमा भन्नुभयो, "हाम्रा नेताहरूबीचको अर्को पूर्ण-स्तरको वार्ताको मिति निर्धारण गर्नु महत्वपूर्ण छ ।"

रूस अझ बढी न्यायसङ्गत विश्व व्यवस्था निर्माण गर्न र अन्तर्राष्ट्रिय कानूनको प्रधानता कायम राख्न भारतसँग थप सक्रिय सहयोग गर्न प्रतिबद्ध रहेको शोइगुले बताउनुभयो ।

डोभालले पुटिनको नियोजित भारत भ्रमणलाई स्वागत गर्दै भन्नुभयो, "यो भ्रमणले हाम्रो भविष्यको सहयोगका लागि नयाँ मार्ग प्रशस्त गर्नु र नेताहरूको शिखर सम्मेलनबाट ठोस, प्रभावकारी परिणामहरू प्रदान गर्नु महत्त्वपूर्ण छ ।"

### इजरायली सुरक्षा क्याबिनेटद्वारा प्रधानमन्त्रीको गाजा शहर कब्जा गर्ने योजना अनुमोदन

जेरुसेलम, २३ साउन (रासस/सिन्ह्वा) । इजरायलको सुरक्षा क्याबिनेटले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको गाजा शहर कब्जा गर्ने योजनालाई अनुमोदन गरेको छ । प्रधानमन्त्रीको कार्यालयले शुक्रबार एक विज्ञप्तिमार्फत उक्त कुराको जानकारी गराएको हो ।

इजरायलले सुरक्षा सुनिश्चित गर्न, हमासलाई हटाउन र सम्पूर्ण गाजाको नियन्त्रण लिन चाहेको नेतान्याहूले सुरक्षा क्याबिनेट बैठकअघि बिहीबार फक्स न्यूजसँगको अन्तर्वार्तामा बताउनुभएको थियो ।

गाजा क्षेत्रमा सुरक्षा कायम राखी यो क्षेत्र सेनाहरूलाई हस्तान्तरण गर्न चाहेको जनाउँदै सेनाले गाजाबासीहरूको आवश्यकता र सहजता र बमोजिम कार्य गर्ने नेतान्याहूले बताउनुभएको छ ।

यसैबीच, जवाफमा हमासले विज्ञप्ति जारी गर्दै यसले नेतान्याहुको भनाइलाई 'वार्ता र युद्धविरामको लागि नभई' हमासको फिर्तीको उद्देश्यलाई प्राथमिकतामा राखेको देखिएको जनाएको छ ।

गाजाका स्वास्थ्य अधिकारीहरूले बिहीबार कम्तिमा नौ हजार ७५२ प्यालेस्टिनीहरू मारिएको र ४० हजार घाइते भएको जनाएका छन् । इजरायलले गत मार्च १८ देखि गाजामा पुनः आक्रमण गरी रहेको छ ।

### गाजा नियन्त्रण गर्ने इजरायली योजनाप्रति चीनद्वारा 'गम्भीर चासो' व्यक्त

बेइजिङ, २३ साउन (रासस/एएफपी) । चीनले गाजा शहरलाई आफ्नो नियन्त्रणमा लिने इजरायलको योजनाप्रति शुक्रबार 'गम्भीर चासो' व्यक्त गर्दै इजरायललाई 'आफ्ना खतरनाक कार्यहरू तत्काल रोक्न' आग्रह गरेको छ ।

"गाजा प्यालेस्टिनी जनताको हो र यो प्यालेस्टिनी भूभागको अविभाज्य भाग हो," विदेश मन्त्रालयका प्रवक्ताले एएफपीलाई दिएको सन्देशमा भनिएको छ ।

"गाजामा मानवीय सङ्कट कम गर्न र बन्धकहरूलाई मुक्त गर्नका लागि तत्काल युद्धविराम गर्नु नै सही उपाय हो," सन्देशमा भनिएको छ ।

"गाजा द्वन्द्वको पूर्ण समाधान युद्धविराममा निर्भर गर्दछ । त्यसपछि मात्र तनाव कम गर्ने मार्ग प्रशस्त गर्न सकिन्छ र क्षेत्रीय सुरक्षा सुनिश्चित गर्न सकिन्छ," चिनियाँ प्रवक्ताद्वारा सन्देशमा भनिएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले प्रस्ताव गरेको र उहाँको सुरक्षा क्याबिनेटले स्वीकृत गरेको योजनाअन्तर्गत इजरायली सेनाले गाजा शहरलाई आफ्नो नियन्त्रणमा लिने उहाँको कार्यालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

गाजामा युद्ध भएको झण्डै दुई वर्षपछि नेतन्याहूले यस क्षेत्रका २० लाखभन्दा बढी जनतालाई अनिकालको सङ्घारबाट फिर्ता ल्याउन र प्यालेस्टिनी लडाकूहरूले बन्धक बनाएकाहरूलाई मुक्त गर्न युद्धविरामका लागि देश र विदेशमा दबाबको सामना गरिरहेका छन् ।

"गाजा पट्टीमा हमासलाई 'परास्त' गर्ने योजनाअन्तर्गत इजरायली सेनाले 'गाजा शहरलाई आफ्नो नियन्त्रणमा लिने तयारी गर्नेछ र युद्धक्षेत्रबाहिरका नागरिकलाई मानवीय सहायता वितरण गर्नेछ," प्रधानमन्त्रीको कार्यालयले भनेको छ ।

बेइजिङले गाजामा जारी द्वन्द्व यथाशीघ्र अन्त्य गर्न अन्तर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्न इच्छुक रहेको शुक्रबार जनाएको छ ।

# राष्ट्रिय मुक्ति पार्टीद्वारा न्याय परिषदले गरेको असमान सिफारिसको निन्दा

**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालले न्याय परिषदद्वारा गरिएको असमान सिफारिसको घोर निन्दा गरेको छ ।

पार्टीका प्रवक्ता रबिनद्र कुमार श्रेष्ठद्वारा शुक्रबार जारि विज्ञप्तिमा न्याय परिषदद्वारा २०८२ साउन २२ गते उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति तथा पदस्थापन सम्बन्धी सिफारिसको निर्णयमा देखिएको असमावेशी एवं असमानतापूर्ण सिफारिसको राष्ट्रिय मुक्ति पार्टी नेपालले घोर निन्दा गरेको हो । यस्तो निर्णयले नेपालको संविधानले प्रत्याभूत गरेको समानताको अधिकार, सामाजिक न्याय र समावेशी सिद्धान्तको उल्लङ्घन गरेको जनाइएको छ ।

नेपालको संविधानको धारा १८ (समानताको हक) अनुसार कुनै पनि नागरिकलाई जात, क्षेत्र, लिङ्ग, वर्ण, वा अन्य कुनै आधारमा भेदभाव गर्नु गैरकानुनी छ । धारा ४२ ( सामाजिक न्याय) ले आर्थिक, सामाजिक वा शैक्षिक रुपमा पिछडिएका वर्ग, जसमा मधेशी, थारू, आदिवासी जनजाती, दलित, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक र महिला लगायतलाइ राज्यका निकायमा समानुपातिक समावेश हुने अधिकार सुनिश्चित गरेको हुँदा न्याय परिषदको निर्णयले यी पिछडिएका र उत्पीडित समुदायहरूको प्रतिनिधित्व निषेध गरेको आरोप लगाइएको छ ।

न्याय परिषदले बिगतका संघर्ष, उपलब्धि एवं संवैधानिक मूल्यहरूलाई लत्याएर "नस्लवादी" र "पितृसत्तात्मक" निर्णय सिफारिस गरेको ठहर समेत गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "यसले न्यायपालिकाको स्वतन्त्रतामा आँच आएको र यस्ता निर्णयले राष्ट्रिय एकता र सामाजिक न्यायलाई ठुलो चुनौती दिएको छ । न्यायालयबाटै सामाजिक न्याय विरुद्ध कार्य हुनु अत्यन्त संवेदनशील रहेको ठहर गर्दै, आम उत्पीडित जनताले अब न्यायालयबाट सामाजिक न्याय सम्बन्धि हक सुनिश्चित हुनेमा गम्भीर शंका उब्जाएको छ, यो सबै कार्यलाई हामि औपनिवेशिक सत्ता मजबुतीकरण गर्ने शृंखलाका रुपमा लिएका छौं, यस बिरुद्ध हाम्रो संघर्ष जारी रहने छ ।"

सोही विज्ञप्तिमा न्याय परिषदले निर्णयलाई तुरुन्त पुनर्विचार गरी संविधानको धारा १८, ४२, ५१ र ८४ को भावना बमोजिम न्यायसंगत समावेशीकरण गरियोस, न्यायिक नियुक्ति प्रक्रिया पारदर्शी, जवाबदेह र मुख्य समावेशी समुह एवं लिङ्गका योग्य उम्मेदवारहरूको पहुँच सुनिश्चित तथा न्यायपालिका जस्तो संवेदनशील संस्था विविधतामा आधारित समावेशी मानक अपनाउँदै सबै क्षेत्रमा प्रतिनिधित्व अधिकार कायम राखिने गर्ने माग गरेको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपाल सरकार, संसद् र नागरिक समाजसँग यस सामाजिक न्यायको प्रश्नमा तत्काल हस्तक्षेप गर्न अनुरोध गर्दै नेपालको बहुसांस्कृतिक पहिचान तथा प्राप्त भैसकेको संवैधानिक मूल्यहरूको संरक्षणका लागि एवं थप उपलब्धिको निम्ति जन विद्रोह तर्फ पार्टी उत्रन तयार रहेको चेतावनी समेत दिएको छ ।

# राजगढ घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगद्वारा अनुसन्धान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**
सप्तरीको राजगढ गाउँपालिका २ कमलपुरमा प्रहरीको गोलीबाट मृत्यु भएको लालु प्रसाद यादवको घटनाबारे राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयबाट आएको टोलीले अनुसन्धान सुरु गरेको छ ।

मंगलबार साउन २० गते राती मदिरा तस्करी नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले गोली चलाउँदा यादवको मृत्यु भएको थियो । सोही घटना बारे आयोगको टोलीले शुक्रबारदेखी अनुसन्धान सुरु गरेको हो ।

मदिरा तस्करी कार्य नियन्त्रणमा लिने क्रममा बल प्रयोग गर्दा यादवको मृत्यु भएको विषयमा आफन्त र स्थानीयवासीबाट आपत्ति प्रकट भई मृतकको बाँच्न पाउने मानव अधिकार उलंघन भएको भनी बिरोध भएकोले उक्त घटना सन्दर्भमा आयोगको मधेश प्रदेश कार्यालयको ध्यानार्षण भएको भनी शुक्रवार कार्यालय प्रमुख तथा सहसचिव बुद्धनारायण साहनीद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

घटनामा मृतकका आफन्त र स्थानीयवासीहरू आक्रोशित भई मंगलबार राजविराजमा बिरोध प्रदर्शन गरेका थिए । सोही क्रममा प्रदर्शनकारी र प्रहरी बीच सामान्य झडप समेत भई राजविराज बजार क्षेत्र तनावपूर्ण बन्न पुगेको थियो । बुधबार मात्र स्थानीय प्रशासन र आन्दोलनरत पक्षसँग पाँच बुदे सहमति पश्चात् आन्दोलन फिर्ता लिइएको थियो ।

घटनाको अनुसन्धानका लागि शुक्रवार एक अधिकृतस्तरीय टोली जनकपुरधामबाट घटनास्थलतर्फ प्रस्थान गरेको भन्दै अनुसंन्धानमा सहयोग गर्न सबैसँग आयोगले अनुरोध गरेको छ ।

# अनलाइन दर्ता तथा नवीकरण सिडियो कार्यालयमा गर्नुपर्ने व्यवस्था हटाउन प्रेस सेन्टरको माग

काठमाडौँ, २३ साउन (रासस) ।
प्रेस सेन्टर नेपालले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयमा गर्नुपर्ने व्यवस्था संशोधन गर्न माग गरेको छ । सेन्टरले बिहीबार विज्ञप्ति जारी गर्दै सोसम्बन्धी व्यवस्थाले प्रेस स्वतन्त्रता कमजोर हुने जनाएको हो ।

बदलिँदो राजनीतिक व्यवस्थाअनुसार आमसञ्चारसम्बन्धी छाता ऐन बनाउनुपर्नेमा ३४ वर्ष पुरानो ऐन संशोधनमा लाग्नु गलत हो । "सरकारले मिडिया नियन्त्रण गर्न खोजेको, सङ्घीयतालाई अस्वीकार गरेको, प्रदेशको अधिकार खोसेको छ, आमसञ्चारमाध्यमको दर्ता, नवीकरण र नियमनलगातका कामलाई व्यवस्थित गर्न छिटो सञ्चारसम्बन्धी छाता ऐन निर्माण गर्न सेन्टरको आग्रह छ", सेन्टरका महासचिव मनोज घर्तीमगरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# जलस्रोत विधेयक पारित

काठमाडौँ, २३ साउन (रासस) ।
राष्ट्रियसभाको शुक्रबारको बैठकले 'जलस्रोत विधेयक, २०८१'लाई सबसम्मतिले पारित गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'जलस्रोत विधेयक, २०८१ लाई पारित गरियोस्' भन्ने प्रस्ताव पेश गर्नुभएको थियो । त्यसअघि विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'जलस्रोत विधेयक, २०८१ माथि बैठकमा छलफल गरिएको थियो ।

छलफलमा सांसदहरू विष्णुबहादुर विश्वकर्मा, कृष्णबहादुर रोकाया, राधेश्याम पासवान, गोपाल भट्टराई र तारामान स्वाँरले सो विधेयकका विभिन्न पक्षमा आफ्नो धारणा राख्नुभएको थियो ।

सांसदहरूले उठाउनुभएको जिज्ञासाको जवाफमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले जलस्रोतको उपयोग, व्यवस्थापन गर्ने उद्देश्यका साथ जलस्रोत विधेयक प्रस्तुत गरिएको बताउनुभयो । उहाँले संविधानमा नै समावेशीताको प्रबन्ध भएकाले विधेयकमा दलितलगायतका विषय उल्लेख गर्नु नपर्ने सबै सदस्यको धारणा रहेकाले सोही अनुसार गरिएको बताउनुभयो । विधेयकमा उल्लेख भएको बाँधको सुरक्षाको विषयलाई थप प्रष्ट पारिएको उहाँले बताउनुभयो ।

यस्तै, यही साउन ५ गते ८५ वर्षको उमेरमा निधन हुनुभएका प्रतिनिधिसभाका पूर्व सदस्य खगराज शर्माको निधनप्रति दुःख व्यक्त गर्दै बैठकले शोक प्रस्ताव पारित गरेको छ । राष्ट्रियसभाको अर्को बैठक यही साउन २७ गते मङ्गलबार दिउँसो १:१५ बजे बस्नेछ ।

### *कोकिनसहित ...*

'ब्रा'भित्र लुकाएर ल्याएको एक किलोग्राम ९५० ग्राम कोकिनसहित उनलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेकी फरेरालाई लागूऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम काठमाडौँ जिल्ला अदालतबाट लागूऔषध मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढाइएको सहप्रवक्ता निरौलाले बतानुभयो ।

# मातृस्वास्थ्य प्रवर्द्धन गर्न सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज

सिरहा, २३ साउन (रासस) ।
मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले लहान नगरपालिका-२१ का ६४ जना सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज वितरण गरिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले बिहीबार एक कार्यक्रमका बीच पोषण सामग्री वितरण गर्नुभएको हो ।

नगरपालिकाले प्रत्येक महिनामा फरकफरक वडामा पुगेर सो प्याकेज वितरण गर्दै आएको छ । प्याकेजमा चामल, दाल, नुन, तेल, चनालगायत खाद्यान्नका साथै गर्मी र वर्षातको समयमा हुने लामखुट्टेको प्रकोपबाट बच्न झुल पनि प्रदान गरिएको छ ।

नगरप्रमुख चौधरीले पोषण प्याकेज वितरण कार्यक्रममा भन्नुभयो, "गर्भवती र सुत्केरीको स्वास्थ्य सुनिश्चित गर्नु नगरपालिकाको प्रमुख प्राथमिकता हो । यस्ता कार्यक्रममार्फत उनीहरूको पोषण अवस्था सुधार गर्नुका साथै स्वास्थ्य सेवा पहुँच सहज बनाउने हाम्रो उद्देश्य हो । आगामी दिनमा अझ प्रभावकारी ढङ्गले यसलाई विस्तार गरिनेछ ।"

स्वास्थ्य संस्थामा नियमित जाँच गराउने गर्भवतीलाई लक्षित गरी प्याकेज वितरण गरिएको स्वास्थ्यकर्मी अमृताकुमारी महतोले जानकारी दिनुभयो । उहाँका अनुसार, "नियमित जाँचमा सहभागी हुने महिलाहरूको सङ्ख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ ।"

महिला स्वास्थ्य स्वयंसेविका सुजितादेवी सिंहले यस अभियानले गर्भवती महिलाको तथ्याङ्क व्यवस्थापन र सेवाको सहजीकरणमा महत्तवपूर्ण भूमिका खेलेको बताउनुभयो ।

# मधेसमा ७२ प्रतिशत धान रोपाइँ

जनकपुरधाम, २३ साउन (रासस) ।
पछिल्लो एक हप्तादेखिको लगातारको वर्षापछि मधेस प्रदेशमा धान रोपाइँ बढेको छ । पानी पर्याप्त भएपछि शुक्रबारसम्म ७२ प्रतिशत धान रोपाइँ पूरा भएको मधेस प्रदेशको कृषि निर्देशनालयले जनाएको छ ।

यस वर्ष ढिलो वर्षा भएको र धान रोपाइँ अपेक्षाकृत रुपमा नभएकाले उत्पादन २० प्रतिशतले घट्ने निर्देशनालयको अनुमान छ । "सिँचाइ तथा आकाशे पानीको अभावमा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र रौतहटमा धान रोपाइँ गत वर्षको तुलनामा कम भएको थियो, अहिले पानी परेपछि फेरि बढेको छ", निर्देशनालयका वरिष्ठ बागवानी अधिकृत प्रदीप यादवले भन्नुभयो ।

उहाँका अनुसार बारा र पर्सामा भने धान रोपाइँ शतप्रतिशत पुगेको छ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय (गण्डक) का सूचना अधिकारी सुरेश साहले बारा र पर्साका किसानलाई नहरबाट पानी उपलब्ध गराउन नियमित अनुगमन गरिरहेको बताउनुभयो ।

यसैबीच मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएपछि यहाँका कृषि ज्ञान केन्द्रको कार्यालयबाट किसानललाई खेती प्रयोजनका लागि स्यालो टयुबवेल वितरण प्रक्रिाय सुरु गरेको छ । निर्देशनालयका अनुसार मधेस प्रदेशमा कूल तीन लाख ७२ हजार छ सय ४५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफ्लाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*